**Medha (मेधा), Vol. 7(2), 2025, ISSN : 2382-5146**

# 'यात्री' कवितामा लयविधान

**पदमप्रसाद निरौला, उप–प्राध्यापक (नेपाली), महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर**
Email : nirmohiniraula@gmail.com

**अध्ययनसार**

प्रस्तुत लेखमा 'यात्री' कविताको लय व्यवस्थाको अध्ययन गरिएको छ। मानवतावादी दृष्टिकोण प्रस्तुत गरिएको यस कवितामा अवस्थित लय व्यवस्थाको खोजी गर्ने प्रयोजनमा यो लेख केन्द्रित छ । यसका लागि सांस्कृतिक अध्ययनअन्तर्गतको सीमान्तीयतालाई सैद्धान्तिक अवधारणाका रूपमा उपयोग गरिएको छ। प्रस्तुत अध्ययनलाई गुणात्मक अनुसन्धान ढाँचा र विश्लेषणात्मक विधि अवलम्बन गरी निष्कर्षमा पुऱ्याइएको छ । यस अध्ययनमा कविले प्रस्तुत गरेका भाषिक प्रयोगका आधारमा लयव्यवस्थाको अध्ययनलाई विश्लेषण गरी निष्कर्षमा पुगिएको छ। यस आलेखमा 'भिखारी' सङ्ग्रहभित्रको 'यात्री' कविताको लयविधानको पक्षलाई विश्लेषण गर्ने काम गरिएको छ । यसमा मूलतः पुस्तकालय विधिको प्रयोग गरी सङ्कथन विश्लेषणका भाषिक पक्षलाई आधार बनाउदै 'यात्री' कविताको पङ्क्तिविन्यास र आवृत्ति समानान्तरता तथा लोप, विचलन र लेख्य चिह्नको प्रयोगले कवितामा कसरी लय सृजना भएको छ ? भन्ने कुरालाई छलफल गरी निष्कर्ष निकालिएको छ।

*प्रमुख शब्दावली* : आवृत्ति/पुनरावृत्ति, समानान्तरता, विचलन, लोप

Article's information : Manuscript received : 2024/08/10, Date of review : 2024/11/15, Date of manuscript acceptance 2025/02/17 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/medha.v7i2.77196
Homepage : https://www.nepjol.info/index.php/medha/index/ Copy right (c) 2024 Medha Journal
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

'यात्री' कविता लक्ष्मीप्रसाद देवकोटा ( १९६६–२०१६ ) द्वारा लिखित तथा १९९८ जेठ महिनाको शारदा (७/२) पत्रिकामा प्रथम पटक प्रकाशित भई २०१० सालमा भिखारी कविता सङ्ग्रहमा सङ्गृहित भई पुनप्र्रकाशित भएको सशक्त गद्यकविता हो । नेपाली कविताको स्वर्णयुगको प्रतिनिधित्व गर्ने देवकोटेली युगमा आएका विषयवस्तुगत विविधताअन्तर्गत आध्यात्मिक भोगवादलाई किनारा लगाउँदै मानवतावादी निरीश्वरवादको प्रमुख भावभूमिमा संरचित यस कविताले मानवतावादी जीवनचेतनालाई कथ्य र भाव दुवैमा आफूलाई अब्बल सिद्ध गरेको छ । समग्रमा स्वच्छन्दतावादी भावानुभूतिलाई मानवतावादी दृष्टिकोणका साथ रचना गरिएको 'यात्री' कविता तीब्रतम् लय र अन्तर्साङ्गीतिकता भएको गद्यकविता हो । पदविन्यास, पदलालित्य, श्रुतिमधुरता, साङ्गीतिकता तथा लयात्मकता जस्ता विषयमा सबल र सघन रहेको पुष्टि वरिष्ठ सङ्गीतकार रनजीत गजमेरको सङ्गीत सिर्जना तथा रवीन शर्माको स्वरमा चलचित्र बासुदेवमा कविताले स्थान पाई आम श्रोता/दर्शक माझ लोकप्रिय बन्नु तथा परवर्ती धेरै गायक तथा सङ्गीतकारले अत्याधुनिक ऱ्याप भर्सनबाट साङ्गीतिक पुनर्निर्माण गर्नुले गीतमा विद्यमान लयात्मकता र साङ्गीतिकतालाई पुष्टि गर्दछ । यस लेखमा देवकोटाद्वारा लिखित 'यात्री' कविताका अन्य प्राप्तिलाई छाडी कविताभित्र के–कस्तो लयविधान विद्यमान छ भन्ने विषयमा केन्द्रित रही विश्लेषण गरिएको छ।

लय विशिष्ट साहित्यिक अभिव्यक्ति र कलात्मक प्रस्तुतीकरण गर्ने कवितातत्त्व हो । लयले कवितालाई साहित्यका अन्य विधाबाट भिन्न तुल्याउँछ । लयले सिर्जना गर्ने श्रुतितमुधुरताका कारण नै कविता र कवितादइतरका विधाको विधागत सौन्दर्य भिन्न भएको हो । लयबाट नै काव्यिक अन्तर्सङ्गीतको सिर्जना हुने भएकाले यो कवितालाई साङ्गीतिक तुल्याउने आधार पनि हो । कविताका चार प्रमुख विधामध्ये कविता पद्यविधा हो भने यसलाई पद्यात्मक तुल्याउने प्रमुख आधार लय नै हो । कवितामा लयका कारण उत्पन्न नाद तथा त्यसले सर्जिना गर्ने साङ्गीतिकताका कारण यो श्रुतिमधुर र सर्वप्रिय साहित्यिक विधा बनेको हो । कवितामा लयको सिर्जना नियमित वर्ण, ध्वनि, अक्षर र पाउ तथा चरणको अन्वयबाट नियमित लयव्यवस्थामा आधारित पद्य कृतिको सिर्जना हुन्छ भने अनियमित रूपमा समान र समध्वन्यात्मक वर्ण, अक्षर, शब्ल, पदावली, पाउ, पङ्क्ति र अनुच्छेद विचलनयुक्त भाषिक निर्मितिका आधारमा सृजित लय मुक्तलयका रूपमा आई साङ्गीतिक नाद सिर्जनाका बाहक बन्दछन् । यस लेखमा लयसम्बन्धी सिद्धान्तका आलोकमा 'यात्री' कविताको अध्ययन भएको छ । प्रस्तुत अध्ययनको मुख्य समस्या लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'यात्री' कवितामा लयविधान रहेको छ । काव्यिक रचनामा लयको सार्विक र सार्वभौम पक्षको निर्माण तथा साहित्यका अन्यविधाबाट कवितालाई अलग तुल्याउने विभेदक अभिलक्षण मानिने कविताको स्थानिक तत्त्व लय कसरी कृतिरचनाको आधार हुन्छ भन्ने विषयका पाठक र अध्येता लाभान्वित हुने यस लेखको प्राज्ञिक औचित्यको पनि पुष्टि हुन्छ ।

## अध्ययनविधि

प्रस्तुत 'यात्री' काव्यिक सङ्कथनको लयविधानको विश्लेषण गर्नाका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । सामग्रीको सङ्कलन मुख्यतः प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत 'यात्री' कविता रहेको छ । प्रस्तुत कविताको विश्लेषण गर्न मुख्यतः सङ्कथन विश्लेषणअन्तर्गतका आधार बनाइएको छ । यस क्रममा सङ्कथन विश्लेषणका अन्य पक्षलाई भन्दा बढी भाषिक पक्षलाई आधार बनाई आवश्यकताअनुसार वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

सङ्कथन अध्ययनका विभिन्न पद्धति मध्ये काव्यिक संरचनाको विवेचना गर्ने आधारहरुमा लयव्यवस्था एउटा आधार रहेको छ । लय तत्सम नेपाली शब्द हो र साहित्यको सौन्दर्यशास्त्रले लयलाई सङ्गीतका रूपमा लिइएको पाइन्छ । एकमात्राबाट अर्को मात्रासम्म पुग्न लाग्ने समय नै लय हो । लयको उत्पत्ति गति, प्रवाह, यति, विरामको क्रमबद्ध सङ्घातबाट निर्दिष्ट रहेको हुन्छ । कवितामा साङ्गीतिक अन्तरप्रवाह हुन्छ । यस्तो अन्तरप्रवाह ध्वनितत्त्वको व्यवस्थित संयोजनबाट हुन्छ, जुन लयका रूपमा प्रस्तुत भएको हुन्छ । कविताको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण आधार पनि लय नै रहेको छ । कवितामा कतै विचलित, कतै अविचलित र कतै मिश्रित लयको व्यवस्था गरिएको हुन्छ । उच्चारणगत, पङ्क्तिगत र शब्दगत समानता हुने वर्ण या शब्दहरूको प्रयोग भएका कविताहरूलाई नियमित लयव्यवस्थामा आधारित भनिन्छ भने यसको ठीक विपरीत वर्ण, मात्रा, अक्षर तथा पङक्तिहरूको समान वितरण नहुने लयव्यवस्था अनियमित लयव्यवस्था हो । त्यसैगरी दुई वा दुईभन्दा बढी प्रकारका लयहरूको व्यवस्थालाई मिश्रित लयव्यवस्था भनिन्छ । कविता र गीति सङ्कथनमा मिश्रित लयको अपेक्षा नियमित लयव्यवस्थन अवलम्बन गरी रचना गरिएका हुन्छन् । सङ्कथन संरचनामा आएका ध्वनि/वर्णगत अन्वयले लयसिर्जनाका लागि प्रकार्यात्मक भूमिका खेलेका हुन्छन् । ''लयविधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र कृतिका चरण/पाउ वा पङ्क्ति हरफको गतिक्रम र यतिविधानबाट थालिन्छ (त्रिपाठी, २०४६ : १८) । लय काव्यिक, गीति र गजल सङ्कथनको मुख्य तत्त्व र अन्य साहित्यिक सङ्कथनबाट अलग्याउने विभेदक अभिलक्षण भएकाले पनि

लयव्यवस्थालाई गजल संरचनाको कालगत प्राप्ति अर्थात् मुख्य तत्त्वका रूपमा स्वीकार गरिएको हो । कविता संरचनामा लय निर्माणको आधारभूत एकाइका रूपमा स्वरव्यञ्जन वर्णगत साम्यवैषम्ययुक्त आवृत्ति र तिनको व्यवस्थित संयोजनलाई कारकका रूपमा लिइएको छ । कविता वा गजलमा साङ्गीतिक अन्तरप्रवाह हुन्छ र यस्तो अन्तरप्रवाह ध्वनित्त्वको व्यवस्थित संयोजनबाट सृजित हुन्छ जुन लयका रूपमा रहेको हुन्छ (गौतम, २०७६ : थ७४) । ध्वनिले गजलमा संगीत सृजना गर्दछ जसलाई लयको रूपमा लिन सकिन्छ । ध्वनितत्त्वको व्यवस्थित संयोजनबाट संगीतको सृजना हुन्छ जसलाई लय भनिन्छ । कवितामा ध्वनिको संयोजनबाट साङ्गीतिक अन्तरप्रवाह हुन्छ र यसैलाई लयको रूप मानिन्छ जसले कवितालाई श्रुतिमधुरता प्रधान गर्दछ ।

अभिव्यक्ति प्रक्रियामा प्रगीतात्मक संरचनात्मक स्वरूप हुने कविता संरचना साङ्गीतिक विधा भएकाले यिनको संरचनामा अनुशासित लयव्यवस्था अपेक्षित रहेको हुन्छ । कवितामा शब्द, ध्वनि र लयको कठोर पालना हुन्छ र गीतमा जस्तै कवितामा साहित्य र कलाको सम्मिश्रण हुन्छ (थापा, २०६६ : ५१) । कविताको संरचना विशेष प्रकारको लयसिद्धिका अन्तर्साक्ष्यमा हुने भएकाले पनि यसलाई उच्च साङ्गीतिक सृजना विधाको रूपमा हेरिएको हो । कवितामा साङ्गीतिकता सृजना गर्नका लागि भाषिक पक्षको अहम् भूमिका रहेको हुन्छ । कविले भाषिक चयनका क्रममा के कस्ता ध्वनि र शब्दको संयोजन गरी पाठको रचना गरेको छ त्यसका आधारमा उत्पन्न हुने अन्तर्साङ्गीतिकता नै कविताको लय निर्धारणको कारकका रूपमा स्थापित हुन पुग्दछ । कवितामा गेयताको सिर्जना सङ्गीतका युक्तिभन्दा बढी भाषिक एकाइ (ध्वनि, शब्द र अर्थ) का समानान्तरताबाट गरिन्छ । समानान्तरता भनेको पङ्क्ति वा पङ्क्तिहरुमा नियमको बढी पालना हो (शर्मा, २०५५ : १७५) । कविता संरचनाका क्रममा आएका ध्वनि र शब्दको आवृत्ति र समानान्तरता सम्बन्धले कविताको लय निर्धारणमा विशेष भूमिका खेलेको हुन्छ । कविता साहित्यको गाइने विधा भएकाले यसमा रहने ध्वनितत्त्वले कवितालाई गाउन मिल्ने बनाएको हुन्छ । ध्वनिका कारण लयको सृजना हुने भएकाले कवितामा ध्वनिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । ‘‘कविता वा गजलमा समान वर्णदेखि समान शब्द, पदावली, वाक्यांश, वाक्य र अनुच्छेदहरु दोहोरिनु नै आवृत्ति हो । यस्तो आवृत्तिले आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको भूमिका निर्वाह गरिरहेको हुन्छ । आवृत्ति बाह्य समानान्तरता र आन्तरिक समानान्तरता दुवैको रूपमा रहन्छ जसले अतिरिक्त नियमितताबाट कवितामा लयको सृजना गरेको पाइन्छ’’ (गौतम,२०७६: ५७५) । लय सृजना गर्ने अर्र्को आधार भनेको आवृत्ति वा समानान्तरता हो । आवृत्तिले लय सृजनामा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कवितामा वर्ण, शब्द, पदावली, वाक्य, वाक्यांश तथा अनुच्छेदहरु दोहोरिएर एक प्रकारको लयको सृजना भएको हुन्छ जसले गर्दा साङ्गीतिक प्रवाह भई कविताश्रुतिमधुर हुन पुगेको पाइन्छ । कविता वा गीतमा निहित संगीततत्त्व नै लय बनेर रहेको छ । मूलत भाषा, भाव र लयको रूप संरचनाको त्रिवेणीमै गीत, कविता र गजल व्यक्तिन्छन् । कविता वा गजलमा निहित लयले नै कविता वा गजल सुन्दा आनन्द आउने हुन्छ र गजल वा कवितालाई अन्य विधाबाट छुट्याउँदछ।लयले कविता वा गजललाई कलात्मकता प्रदान गर्दछ यही कलात्मकताले कवितालाई सृजनाको साङ्गीतिक विधामा रूपान्तरित गरेको छ ।

## नतिजा र विश्लेषण

प्रस्तुत ‘यात्री’ लक्ष्मीप्रसाद देवकोटा ( १९६६–२०१६ ) द्वारा लिखित तथा १९९८ जेठ महिनाको शारदा ( ७:२) पत्रिकामा प्रथम पटक प्रकाशित भई २०१० सालमा भिखारी कविता सङ्ग्रहमा सङ्गृहित भई पुनप्र्रकाशित भएका कविता हो । प्रस्तुत कवितामा नियमित अनुच्छेद योजना र पङ्क्ति विन्यास, आवृत्ति/समानान्तरता, शाब्दिक सहविन्यास, विचलन र विलोपन आदिको प्रभावकारी संयोजन पाइन्छ । यस लेखमा उपर्युक्त विषयमा केन्द्रित रही कविताको विश्लेषण गरिएको छ ।

### अनुच्छेद योजना र पङ्क्ति विधान

प्रस्तुत 'यात्री' कविता संरचनात्मक दृष्टिले ५०९ शब्द, ४६ पङ्क्ति, २९ उपवाक्य, १४ वाक्य र ७ अनुच्छेदमा विभाजित भई संरचनात्मक आयाम प्राप्त गरेको कविता अर्थात् काव्यिक सङ्कथन/संरचना हो । पङ्क्तिगत संरचनात्मक आयाम वा विस्तारलाई हेर्ने हो भने कविताको रचना क्रममा आएका ४६ पङ्क्ति मध्ये अधिकतम शब्दसंख्या ५ भएका २ पङ्क्ति ( २१ र ३५ औं ), ४ शब्द भएका ( १, २, ३, ४, ६, ९, ११, १३, १७, १९, २२, २४, २५, २६, २७, २९, ३१, ३३, ३७, ३९ र ४५ ) २१ पङ्क्ति, तीन शब्द भएका (५, ७, ८, १२, १४, १५, १८, २३, २८, ३५, ३६, ३८, ४०, ४३ र ४६) १५ पङ्क्ति, तथा बाँकी क्रमशः १०, १६, २०, ३०, ३२, ३४, ४२, र ४४ औं पङ्क्तिको संरचना दुई शब्दबाट भएको पाइन्छ । यसै गरी काव्यिक संरचनाभित्र प्रयोग गरिएको पहिलो पङ्क्ति 'कुन मन्दिरमा जान्छौ यात्री' दोस्रो र छैठौं अनुच्छेदमा समेत पुनरावृत्ति भएकाले दोहोरिएका पङ्क्तिलाई एउटै गणना गर्दा कूल पङ्क्ति सङ्ख्या ४४ हुन आउँछ । पङ्क्ति विधानका दृष्टिले कविताको पहिलो, तेस्रो, चौथो, पाचौं र सातौं अनुच्छेद समान ६ पङ्क्तिमा संरचित छन् भने दोस्रो र छैठौं अनुच्छेद समान ८ पङ्क्तिमा विभक्त भई कूल ४६ पङ्क्तिमा कविताले पूर्णता प्राप्त गरेको छ । दोहोरिएका पङ्क्तिलाई एउटै पङ्क्तिमानी गणना गर्दा ४४ पङ्क्तिमा कविताको संरचनात्मक आयामले पूर्णता प्राप्त गरेको देखिन्छ । उपर्युक्त तथ्यका आधारमा आंशिक रूपमा शब्दगत र पङ्क्तिगत असमानता रहे पनि पूर्णतः कवितामा पङ्क्तिगत समानता देखिन्छ भने शब्दगत असमानताबाट कविता मुक्त हुन सकेको छैन । यसर्थ समग्र कविताको सन्दर्भमा हेर्दा कविता आंशिक पङ्क्तिगत एकरूपताका बाबजूद शब्दगत वितरणका दृष्टिले असमान, अनियमित र विविधतापूर्ण रहेको पाइन्छ । कविताको संरचनात्मक स्वरूपलाई नियाल्दा शास्त्रीय मात्रा छन्द तथा गीतिलयको निकट रहेको आभाष पाइए पनि शास्त्रीय तथा वार्णिक गीतिछन्दका नियम र अनुशासनबाट निर्बन्ध रही संरचनात्मक आयाम प्राप्त गरेको हुँदा शास्त्रीय तथा गीतिलयको नियमभन्दा भिन्न रही मुक्तलय अर्थात् गद्य कवितात्मक लयविधान र अनुशासनमा संरचित कविताको कोटिमा 'यात्री' कविता दरिन पुगेको छ ।

### आवृत्ति र समानान्तरता

'यात्री' कविता समान ध्वनि र वर्णदेखि समान वाक्यसम्मका भाषिक एकाइको आवृत्ति/पुनरावृत्ति भई सघन लयात्मकता तथा अन्तर्साङ्गीतिकता निर्माण भएको सशक्त गद्यकविता हो । काव्यिक संरचनाभित्र आएको यसप्रकारको ध्वन्यात्मक, वार्णिक, शाब्दिक र वाक्यात्मक पुनरावृत्तिले काव्यिक अभिव्यक्तिमा नियमितता सिर्जना गरेकै छ साथै संरचनात्मक समानान्तरता र अनुप्रासीयता जस्ता काव्यकलेबरलाई नियमितता प्रदान गर्नुका साथै लयगत सघनतालाई जीवन्त तुल्याउन सहयोगी भूमिकामा नभई अभिन्न अङ्गका रूपमा स्थापित भएको छ । यस कवितामा वर्ण, शब्द, पदावली र वाक्यका तहमा भएका आवृत्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### वर्णगत आवृत्ति

आवृत्तिगत दृष्टिकोणले कवितामा प्रयोग गरिएका लघुत्तम भाषिक एकाइ ध्वनि/वर्णका तहबाट हेर्दा स्वरवर्ण मध्ये सबैभन्दा बढी दोहोरिएका ध्वनिमा /ई/ ध्वनि ७ पटक, /इ/, /उ/, र /ऊ/ ध्वनि समान तीन पटक तथा /आ/ ध्वनि दुईपटक पुनरावृत्ति भई लयगत सघनता सिर्जनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । व्यञ्जन वर्णका तहमा हेर्दा कवितामा /र/, /क/, /न/, /स/ र /म/ वर्णको आवृत्ति सबैभन्दा बढी भएको देखिन्छ । कविताभित्र /र/ वर्णका पूर्ण संरचना ४९ पटक दोहोरिएका छन् भने आधा संरचना ७ पटक पुनरावृत्ति भएको छ । कवितामा दोस्रो आवृत्ति भएको /क/ वर्ण ४थ पटक दोहोरिएको छ भने न, स र म वर्ण क्रमशः २९ पटक,स २४ पटक र /म/ २३ पटक दोहोरिएका छन् । यसै गरी कवितामा,/व/

१७ पटक, /ह/ १७ पटक, /छ/ १थ पटक, /द/ १४ पटक, /श/ १३ पटक, /ज/ १० पटक,/त/ १० पटक,/ग/ ८ पटक, /प/ ८ पटक, /ब/ ८ पटक, /य/ ८ पटक, /च/७ पटक, /ड/७ पटक, /त्र/ ५ पटक, /ख/वर्ण ३ पटक,/फ/ ३ पटक, /ण/ २ पटक,/थ/ २ पटक,/भ/ २ पटक,/क्ष/ २ पटक, /ध/ १ पटक, /झ/ १ पटक, /ल/ १ पटक र /ष/ १ पटक प्रयोग गरिएका छन् । कवितामा घ, ङ, ञ, ट, ठ, ढ, र ज्ञ वर्णको प्रयोग एकपटक पनि भएको छैन । उपर्युक्त तथ्याङ्कका आधारमा हेर्दा सबैभन्दा बढी स्पर्शी वर्ण /र/ ४९ पटक, कण्ठ्य वर्ण /क/ ४थ पटक नासिक्य वर्ण /न/ २९ पटक, /म/ २३ पटक र सङ्घर्षी वर्ण /स/ २४ पटक पुनरावृत्ति भई काव्यिक लय निर्माणमा महत्त्वपूर्ण भूमिका निर्माण गरेका छन् । यसका अतिरिक्त उपर्युक्त /र/, /क/, /न/, /म/ जस्ता स्पर्शी वर्णको अधिकतर आवृत्तिबाट कविताको काव्यिक लय निर्माणमा विशेष भूमिका छँदैछ साथै यी वर्णको निरन्तर पुनरावृत्तिले कविता माधुर्य गुणयुक्त बनाएको प्रष्टहुन्छ । कविताको पहिलो, दोस्रो र तेस्रो पङ्क्तिमा आएका /कुन/ शब्दमा आएको /क/ वर्ण, मन्दिर शब्दमा आएको /म/ वर्ण तथा जाने हो, लाने हो जस्ता पदावलीमा आएका /न/ र /ह/ वर्ण, /द्वार/, /अपार/, /राज/, /ताज/, /पुर/, /दूर/, /प्रचूर/, /तानामा/, /गानामा/, /कानामा/, /विरानामा/ जस्ता शब्दमा आएका /र/, /ज/, /न/, /म/ वर्ण /फर्क–फर्क/ शब्दमा पुनरावृत्ति भएका समान /फ/ र /क/ वर्ण तथा /जाऊ/, /समाऊ/, /पाऊ/, /घाउ/, /हँसाऊ/ जस्ता शब्दमा दोहोरिएका समान /आ/ र /उ//ऊ/ वर्णको पुनरावृत्तिले कवितामा अन्त्यानुप्रसीयताको उच्चतमस्तर कायम गर्न सहयोगी सिद्ध भएको देखिन्छ । समग्रमा वर्णगत आवृत्तिका तहबाट हेर्दा विविधतापूर्ण स्वर र व्यञ्जन वर्णको समान/असमान आवृत्तिबाट कवितामा विशिष्ट प्रकृतिको लय सिर्जना भएको देखिन्छ ।

**शब्दगत/पदावली/वाक्यात्मकआवृत्ति**

शब्दका तहबाट हेर्दा यस कवितामा प्रश्नसूचक /कुन/ शब्द सबैभन्दा बढी ८ पटक दोहोरिएको छ । /कुन/ शब्दका अतिरिक्त /मन्दिर/ ६ पटक, /ईश्वर/ ५ पटक र /यात्री/ चार पटक पुनरावृत्ति भई कवितामा लयात्मकता सिर्जना गर्नअहम् भूमिका खेलेका छन् । कविताको आरम्भमा प्रयोग गरिएको /कुन/र दोस्रो पङ्क्तिमा पनि दोहोरिई अद्यानुप्रासलाई आकर्षक र सशक्त तुल्याएकाछन् भने कविताको पहिलो, दोस्रो, तेह्रौं, चौधौं पङ्क्तिमा आएको /मन्दिर/ शब्दले मद्यानुप्रासलाई सशक्त तुल्याएको छ । आठौं पङ्क्तिको /दीवार/, दशौंपङ्क्तिको /द्वार/, बाह्रौं पङ्क्तिको /अपार/, चौधौं पङ्क्तिको /द्वार/, सोह्रौं पङ्क्तिको /राज/, अठारौं पङ्क्तिको /ताज/, बाइसौं /पुर/, चौबीसौं पङिक्तको /दूर/, छब्बीसौं पङ्क्तिको /प्रचूर/, चौंतीसौं पङ्क्तिको /तानामा/, छत्तीसौं पङ्क्तिको /गानामा/, अड्तीसौं पङ्क्तिको /कानामा/, चालीसौं पङ्क्तिको /विरानामा/, एकचालीसौं पङ्क्तिकको /जाऊ/, /समाऊ/, बयालिसौं पङ्क्तिको पाउ, चवालीसौं पङिक्तको घाउ र छयालीसौं पङ्क्तिको /हँसाउ/ जस्ता प्रत्येक दुई पङ्क्तिमा आएका शब्दमा आएका वार्णिक पुनरावृत्तिलेकलात्मक अन्त्यानुप्रासीयता सिर्जना गरी कवितालाई आकर्षक, लयात्मक,साङ्गीतिक र गीत्यात्मक तुल्याएका छन् । पदावलीगत आवृत्तिका दृष्टिले हेर्दा /कुन मन्दिरमा/ पदावलीको क्रमशः पहिलो, दोस्रो र उनन्चालीसौं पङ्क्तिमा पुनरावृत्तिभई अद्यानुप्रास, तथा दोस्रो र छैठौं पङ्क्तिमा आएको /जाने हो/तथा/लाने हो/ जस्ता पदावलीको पुनरावृत्तिले कविताको अन्त्यानुप्रासलाई सशक्त त तुल्याएकै छन् साथै कविताको लय निर्धारणका लागि थप महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।कवितामा प्रयुक्त पुनरावृत्तिलाई हेर्दा पहिलो पङ्क्तिमा आएको 'कुन मन्दिरमा जान्छौ यात्री', क्रमशः तेह्रौं र उनन्चालीसौं पङ्क्तिमा समेत दोहोरिई काव्यिक लयलाई गत्यात्मक र साङ्गीतिक तुल्याएका देखिन्छ । यस अर्थमा वर्ण, शब्द, पदावली तथा वाक्यात्मक आवृत्तिका दृष्टिले कविता सबल, सशक्त र लयात्मक रहेको पुष्टि हुन्छ ।

**विचलन**

आफ्नो विशिष्ट नियमितता रहनु तथा परम्परामा आश्रित रहनु भाषाको विशेषता हो । भाषाले निश्चित र निर्धारित व्याकरणिक नियमको परिधिमा रही संरचनात्मक स्वरूप प्राप्त गरेको हुन्छ । काव्यात्मक संरचना अथवा अभिव्यक्तिभित्र पूर्व रूपमा निश्चित र निर्धारित भइसकेका मानक भाषिक नियमहरुको सार्थक तथा व्यवहारोपयोगी क्रमभङ्गता, भञ्जन वा अतिक्रमणबाट कविताभित्र विद्यमान भाषिक सौन्दर्यका नूतन आयाम र संभावनाको खोजी गरिन्छ । यसप्रकारको संभावित खोजीलाई भाषिक विचलनको प्रारूपका रूपमा परिभाषित गरी काव्यात्मक लय निर्माणमा भाषिक विचलनले के कस्तो प्रभाव पार्दछ भन्ने तथ्यको खोजी गरिन्छ भने भाषिक विचलनका कारण मुक्तलयमा संरचित गद्यकवितामा विद्यमान बाह्यान्तरिक लयसौन्दर्यको सन्तुलन मापन गरिन्छ (गौतम, २०६६ : ५८०) । विशेष गरी गद्यलयमा संरचित कवितामा रहेको लय सौन्दर्यका लागि विचलनको अहम् भूमिका रहने गर्दछ । प्रस्तुत ‘यात्री’ कविता पर्याप्त व्याकरणिक विचलन भई सघन र तीव्र लय सौन्दर्य सिर्जना भएको गद्यकविता हो । कविले कविता सिर्जनाका क्रममा जटिल वाक्यात्मक संरचनामा पर्याप्त विचलन गरी काव्यिक लयलाई समूर्तन तुल्याएका छन् । यस कविताको दोस्रो अनुच्छेदका ८ पङ्क्ति मध्ये छ पङ्क्ति तथा तेस्रो अनुच्छेदका छ पङ्क्ति समापक क्रियारहित संरचित छन् । यसप्रकार कविले कविता सिर्जना गर्ने क्रममा व्याकरणिक नियमलाई निषेध गरे झैं देखिए पनि कविताको लयगत ओज र गरिमालाई सशक्त तुल्याउनका लागि यस विचलनले अहम् भूमिका निर्वाह गरेको छ । कविताको पहिलो अनुच्छेदका छ पङ्क्ति व्याकरणिक नियमानुसार निम्न तीन वाक्यमा विभाजित रहेको छ :

हे ! यात्री कुन मन्दिरमा जान्छौ र कुन मन्दिरमा जाने हो ?
पुजा गर्ने सामग्री साथमा कुन र कसरी लाने हो ?
मानिसहरुको काँधमा चढेर कुन देवपुरीमा जाने हो? ।

कविताको दोस्रो अनुच्छेद व्याकरणिक दृष्टिले यसप्रकारको हुनआउँछ :

हे ! यात्री हाडहरुले बनेका सुन्दर खम्बा, मासुले बनेका दीवार ( पर्खाल ), मस्तिष्क रुपी सुनको छानो, इन्द्रियहरुको द्वार तथा नशारुपी नदीले बनेको सुन्दर मन्दिर आफ्नै शरीर तिमी कुन मन्दिरको द्वार खोज्दै कुन मन्दिरमा जान्छौ ।

यसप्रकार व्याकरणिक दृष्टिले एउटै जटिल वाक्यलाई खण्डित गरी आठ पङ्क्तिमा विभाजन गरी काव्यिक संरचनामा प्रस्तुत गर्नु विचलनको उच्चस्तरीय नमुना हो । प्रचलित कर्ता, कर्म र क्रियात्मक संरचना भएको व्याकरणिक नियमानुसार कविताको चौथो अनुच्छेद यसप्रकारको हुनआउँछ :

आत्माभित्र बस्नेईश्वरलाई बाहिरी आँखाले कुनकुन पुरमा खोजी हिंड्छौ ?
गहिराईमा बस्ने ईश्वर खोज्नदूर सतहमा कति बहन्छौ ?
प्रचुर तेज भएको हृदयको बत्ती बाली खोजी गर्छौ भने ईश्वर आफैंभित्र मिल्दछ।

उपर्युक्त संरचनात्मक नियमानुसार पाँचौं अनुच्छेदलाई हेर्दा

हे ! यात्री बीच सडकमा ईश्वर तिम्रै साथ हिंड्दछ ।
ईश्वरले सुनौला काम गरिरहेको हात चुम्दछ । उसले तिलस्मी करले सेवकहरुको माथ छुन्छ ।

कविताको छैटौं अनुच्छेदमा काव्यिक विचलनको अवस्था निम्नानुसारको हुनआउँछ :

सडक किनाराका चराहरुको तानामा ईश्वर गाउँछ ।

> मानिसहरुको पीडादुःखको गानामा ईश्वर बोल्दछ परन्तु कहीं चर्मचक्षुले कानमा दर्शन (आवाज) दिंदैन। हे ! यात्री कुन विरानो नवदेशको कुन मन्दिरमा जान्छौ।

सातौं अनुच्छेदमा काव्यिक विचलन निम्नानुसार हुनआउँछ :

> हे ! यात्री फर्केर गई मानिसहरुको पाउ समाऊ। आर्तहरुको चहराई रहेको घाउमा मल्हम लगाऊ। मानिस भएरै ईश्वरको त्यो दिव्य मुहार हँसाऊ।

भने यसले कविताको गद्यलयलाई गीतिलयतर्फ अभिमुख गरेको प्रष्ट हुन्छ। उदाहरणका लागि, यसका अतिरिक्त कविले एउटा सिङ्गो अनुच्छेदलाई समापक क्रियाविहीन तुल्याई काव्यिक संरचना निर्माण गर्नुले कवितामा भाषिक विचलनको स्थितिलाई उजागर गर्दछ। कविताको तेस्रो अनुच्छेदमा आएका छ पङ्क्ति पूर्णतः व्याकरणिक नियम र अनुशासन ( कर्ता, कर्म र क्रिया ) बाट मुक्त रही समापक क्रियाविहीन भएर पनि यसले कविताको लयमा कुनै प्रभाव नपारी काव्यिक लयलाई थप सशक्त, गीत्यात्मक र उत्कर्षता प्रदान गरेको छ।

**लोप**

कुनै पनि भाषिक सङ्कथनमा आएका भाषिक संरचनालाई सिर्जनाभित्र पटकपटक प्रयोगमा नल्याई भाषिक संरचनाको अर्थ ग्रहण गर्ने प्रक्रियालाई विलोपन भनिन्छ । विलोपनमा एउटै वा फरक आर्थी सम्बन्ध रहेका भाषिक संरचनाको आवृत्तिलाई निरुत्साहित गरी सहचार सम्बन्ध स्थापित गरी अर्थबोध गरिन्छ ।

> कुन मन्दिरमा जान्छौ यात्री,
> कुन मन्दिरमा जाने हो ?
> कुन सामग्री पुजा गर्ने,
> साथ कसोरी लाने हो ?
> मानिसहरुको काँध चढी,
> कुन देवपुरीमा जाने हो ?
>
> हाडहरुका सुन्दर खम्बा,
> मांस पिण्डका दिवार !
> मस्तिष्कको यो सुनको छाना,
> इन्द्रियहरुको द्वार !
> नसा नदीका तरल तरङ्ग,
> मन्दिर आफू अपार !
> कुन मन्दिरमा जान्छौ यात्री,
> कुन मन्दिरको द्वार ?
>
> मनको सुन्दर सिंहासनमा जगदीश्वरको राज !
> चेतनको यो ज्योति हिरण्यमय,
> उसको शिरको ताज !
> शरीरको यो सुन्दर मन्दिर,

विश्वक्षेत्रको माझ ।

भित्र छ ईश्वर बाहिर आँखा
खोजी हिंड्छौ कुन पुर ?
ईश्वर बस्दछ गहिराइमा,
सतह बहन्छौ कति दूर ?
खोजी गर्छौ ? हृदय लगाऊ,
बत्ती बाली तेज प्रचुर ?

साथी यात्री बीच सडकमा,
ईश्वर हिंड्दछ साथ
चुम्दछ ईश्वर काम सुनौला
गरीरहेको हात
छुन्छ तिलस्मी करले उसले,
सेवकहरुको माथ ।

सडक किनारा गाउँछ ईश्वर,
चराहरुको तानामा
बोल्दछ ईश्वर मानिसहरुको
पीडा, दुःखको गानामा
दर्शन किन्तु कहीं दिंदैन,
चर्म–चक्षुले कानामा ।
कुन मन्दिरमा जान्छौ यात्री,
कुन नवदेश बिरानामा ?

फर्क फर्क हे ! जाऊ समाऊ,
मानिसहरुको पाउ !
मलम लगाऊ आर्तहरुको,
चहराई रहेको घाउ
मानिस भई ईश्वरको त्यो
दिव्य मुहार हँसाऊ ।

देवकोटाको ‘यात्री’ कविता कविनिबद्धवक्तृप्रौढोक्ति तृतीय पुरुष यात्रीलाई सम्बोधन गर्ने कविवक्तृप्रौढोक्ति अर्थात् कविका भाव, धारणा वा दृष्टिकोणलाई कवि स्वयम् उपस्थित नभई प्रस्तुत गरिएको छ । यस काव्यिक सङ्कथनमा कविले म/हामी/आफू/स्वयम् जस्ता शब्दबाट स्रष्टा हस्तक्षेपबाट कवितालाई पर राखी कविनिबद्ध यात्रीलाई सम्बोधन गरी सङ्कथनात्मक संरचना तयार गर्ने क्रममा पर्याप्त विलोपनको प्रयोग भएको पाइन्छ । कविताको पहिलो अनुच्छेदका तीन वाक्य मध्ये पहिलो वाक्यमा संयोजक र तथा दास्रो उपवाक्यको आरम्भको यात्री शब्द विलोपनमा परेको छ । यसै गरी

दोस्रो वाक्यमा संयोजक /र/ नामशब्द /पुजा/ तथा तेस्रो वाक्यमा क्रियाविशेषणको विशेषणीकरण /चढेर//चढी/ बनाई सहचर आर्थी सम्बन्ध स्थापित गरिएको छ । दोस्रो अनुच्छेदमा सम्बोधनकारक /हे !/ विशेषण /पवित्र/ तथा /र/ /एवम्/ जस्ता संयोजक विलोपन भएका छन् । तेस्रो अनुच्छेदमा सर्वनाम आफैंमा विशेषण अवस्थित तथा सहायक क्रिया छ विलोपित छन् । चौथो अनुच्छेदमा /ले/ /मा/ जस्ता विभक्ति /भएको/ /हृदयको/ जस्ता विशेषण तथा ईश्वर आफैंभित्र बस्दछ भन्ने उपवाक्य तथा पाँचौं अनुच्छेदमा सम्बोधनकारक /हे !/विभक्ति /ले/ विलोपित भए पनि काव्यिक अर्थ र लयगत संरचना सुदृढ तुल्याउन पृष्ठपोषक बनेका छन् ।

## लेख्य चिह्नको प्रयोग

कवितामा काव्यिक लयको निर्माण गर्नका लागि लेख्यचिह्नले महत्त्वपूर्ण भूमिका खेल्दछ । काव्यात्मक अभिव्यक्तिभित्र गति, यति र लय निर्माणका क्रममा सिर्जना हुने आरोह–अवरोह, विश्राम, शाब्दिक आवृत्ति तथा साङ्गीतिक सुर निर्धारकको निर्देशक एकाइका रूपमा लेख्यचिह्न प्रयोग गरिएका हुन्छन् । प्रस्तुत 'यात्री' कवितामा लयको विश्राम, भावको प्रकटीकरण तथा लयात्मक ओजको सटीक प्रस्तुतीकरणका क्रममा विविध लेख्यचिह्नको प्रयोग समुचित र सन्तुलित रूपमा भएको छ । यस कवितामा प्रयुक्त पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विश्मयादिबोधक र योजक चिह्नले आन्तरिक लयविधानलाई सशक्त, गत्यात्मक, गीत्यात्मक र साङ्गीतिक तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । आवृत्तिगत दृष्टिले यस कवितामा अल्पविराम सबैभन्दा बढी १८ पटक दोहोरिई काव्यिक पठन तथा आश्वादनमा गति र यतिमा प्रभावपरक अन्विति स्थापित गरेको छ भने प्रश्नवाचक चिह्न ८ पटक, विश्मयादिबोधक चिह्न, ७ पटक तथा योजक चिह्न दुईपटक पुनरावृत्ति भई काव्यिक लय निर्माण संयोजनमा प्रभावकारी भूमिका निर्वाह गरेका छन् । कवितामा प्रयोग गरिएको अल्पविरामले लामो लयलाई असान्दर्भिक हुनबाट मुक्ति दिई लयगत चुस्तता कायम गरेको छ भने विश्मयादिबोधक चिह्नले काव्यिक लय र भाव सन्तुलनमा विविधता सिर्जना गर्न अहम् भूमिका खेलेको छ । प्रश्नवाचक चिह्नले कवितामा विद्यमान सावधिक लयलाई उत्कर्षता प्रदान गर्दै लयको भावसँगको अन्तर्सम्बन्ध गहन बनाउन समेत प्रकार्यात्मक भूमिका खेलेको देखिन्छ । नशा–नदी र चर्म–चक्षु जस्ता शब्दमा प्रयोग गरिएको योजक चिह्नले अर्थान्तर भएका शब्दबीच पारस्पारिक सम्बन्ध स्थापित गर्दै समध्वन्यात्मक लय निर्माणको लागि सबल भूमिका निर्वाह गरेका देखिन्छ । काव्यिक सङ्कथनअन्तर्गत सिर्जना हुने गद्यकविताको लयव्यवस्थालाई निरन्तर प्रवाहित गर्न प्रभावकारी भूमिका खेल्ने लेख्यचिह्नको उपयुक्त प्रयोगले काव्यिक आश्वादन, गीत्यात्मकता र अन्तर्साङ्गतिकता निर्माण गरी लयात्मक उत्कर्षता संयोजन गर्न जुन भूमिका लेख्यचिह्नको रहन्छ त्यो 'यात्री' कवितामा सशक्ततापूर्वक संयोजन भएको देखिन्छ ।

## शब्दको वैपरीत्यमूलक प्रयोग

शब्दहरुको वैपरीत्मूलक प्रयोगले गद्यकविताको लय निर्माणका लागि महत्त्वपूर्ण भूमिका खेल्दछ । वैपरीत्यमूलकता भन्नाले समध्वन्यात्मक उच्चार भएका विपरीत अर्थबोध गराउने शब्दको प्रयोगबाट गद्यकवितामा के कसरी लय उत्पन्न हुन्छ भन्ने तथ्यलाई बुझाउँछ । प्रस्तुत 'यात्री' कवितामा वैपरीत्यमूलक अर्थ दिने शब्दहरुको प्रयोग अत्यन्त कम भएको छ । आफ्नो पूर्ण संरचनाभित्र निश्चित अर्थात् न्यून मात्रामा वैरीत्यमूलक शब्दको प्रयोग भएको यस कविताको दोस्रो अनुच्छेदको पाँचौं पङ्क्ति नशा–नदीका तथा तरल तरङ्ग जस्ता दुई पदावलीमा आएका नदीमा आरोपित गरिएको नशा तथा नशामा प्रवाहित रगतको विविधतापूर्ण वेग अर्थात् उतारचढाबलाई नदीमा उत्पन्न छालको रूपमा आरोपित गरी चित्रण गर्ने क्रममा अर्थान्तर भएका फरक शब्दका माध्यमबाट फरक सन्दर्भलाई पुष्टि गरिएको छ । यसका अतिरिक्त छैठौं अनुच्छेदको छैठौं पङ्क्तिमा आएका वैपरीत्यमूलक चर्म–चक्षु पनि एकअर्कामा अर्थान्तर भएका शब्द भए पनि कवितामा ती शब्दले समध्वन्यात्मक उच्चार भई आन्तरिक लय निर्माणका लागि महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

यसै गरी फर्क फर्क , जाऊ समाऊ, पाउ जस्ता शब्दमा आएका सम–विषम वर्ण दोहोरिई निर्माण भएको समान ध्वन्यात्मक उच्चारमा वैपरीत्यमूलक गुण स्थापित भई लयलाई साङ्गीतिक र गीत्यात्मक तुल्याउन थप मद्दत पुऱ्याएको छ ।

## निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'यात्री' कविता शारदा वर्ष –७, अङ्क – २ (१९९थ) मा प्रथमपटक प्रकाशित भई २०१० सालमा भिखारी कवितासङ्ग्रहमा सङ्गृहित भई पुनर्काशित भएको एक सशक्त गद्यकविता हो । शास्त्रीय मात्राछन्द तथा गीत्यात्मक वार्णिक छन्दझैं लाग्ने सबल अन्तर्साङ्गीतिकतायुक्त यो कविता थ०९ शब्द, ४६ पङ्क्ति र ७ अनुच्छेदमा संरचित रहेको छ । असमान शब्दबाट निर्मित पङ्क्ति तथा असमान पङ्क्तियुक्त अनुच्छेद रहेको यस कवितालाई पङ्क्तिगत आवृत्तिका दृष्टिले समान मान्न सकिन्छ । 'कुन मन्दिरमा जान्छौ 'यात्री'' भन्ने वाक्य तीनपटक पुनरावृत्ति भई काव्यिक लय निर्माणमा अहम् भूमिका निर्वाह गरेको छ । आवृत्तिगत दृष्टिले यस कवितामा अल्पविराम सबैभन्दा बढी १८ पटक दोहोरिएको छ प्रश्नवाचक चिह्न ८ पटक, विश्मयादिबोधक चिह्न, ७ पटक तथा योजक चिह्न दुईपटक पुनरावृत्ति भई काव्यिक लय निर्माणमा प्रभावकारी भूमिका निर्वाह गरेका छन् । अत्यन्त न्यून वैरीत्यमूलक शब्दको प्रयोग भएको यस कविताको दोस्रो अनुच्छेदको पाँचौं पङ्क्ति नशा–नदीका तथा तरल तरङ्ग जस्ता दुई पदावलीमा आएका नदीमा आरोपित गरिएको नशा तथा नशामा प्रवाहित रगतको विविधतापूर्ण वेग अर्थात् उतारचढाबलाई नदीमा उत्पन्न छालको रूपमा आरोपित गरी चित्रण गर्ने क्रममा अर्थान्तर भएका फरक शब्दका माध्यमबाट फरक सन्दर्भलाई पुष्टि गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश*. नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०६८). सडकथन विश्लेषण. *रत्न बृहत् नेपाली समालोचना* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम) सैद्धान्तिक खण्ड. रत्न पुस्तक भण्डार. पृ. ५७१–५९१

गौतम, देवीप्रसाद (२०६८). गीति संरचनाको सङ्कथन विश्लेषण. *रत्न बृहत् नेपाली समालोचना प्रायोगिक खण्ड*. (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). रत्न पुस्तक भण्डार. पृ. ४७३–४८१ ।

घिमिरे, वासुदेव. (२०६९). *सङ्कथन विश्लेषण*. इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

ढकाल, विप्लव, (२०५०). समकालीन नेपाली कवितामा भाषिक विचलन, *प्रज्ञा*, पूर्णाङ्क ७–८, असार–असोज, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

देवकोटा, लक्ष्मीप्रसाद, (२०१०). *भिखारी*, नेपाली भाषा प्रकाशिनी समिति ।

शर्मा, मोहनराज (२०४८). *शैलीविज्ञान*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।